# मालपोत कार्यालय भैरहवाबाट जारी भएको

# छुट जग्गा दर्ता नामसारी सम्बन्धी हकदावी सम्बन्धी ३५ दिने सूचना

सुचना । सुचना ।। सुचना ।।।

यसमा जिल्ला रुपन्देही साविक जोगडा गाविस वडा नं. ०४ हाल गैडहवा गाउँपालिका वडा नं. २ बस्ने खडानन्द सुवेदीको बुहारी टंकेश्वर सुवेदीको पत्नी दिर्पा सुवेदीले साविक साडी गाविस वडा नं. ६ बस्ने जग्गाधनी रघुनाथ प्रसाद अग्रवालको नाममा श्री भूमि सुधार तथा मालपोत कार्यालय रुपन्देही मार्फत हदवन्दी छानविन भई छानविनमा बढी भएको जिल्ला रुपन्देही साविक साडी गाविस वडा नं. ६ग कि.नं. ७१ को ज.वि. १-२-१६ मध्ये ०-१९-१६ जग्गा मेरो पति टंकेश्वर सुवेदीले श्री भूमि सुधार तथा मालपोत कार्यालय रुपन्देही बाट मिति २०४६/०४/२० मा जग्गा विक्री वितरण गरी प्रमाणपत्र समेत दिईएकोमा निज टंकेश्वर सुवेदीको मिति २०७३/१२/०७ मा आफ्नै कालगतिले मृत्यु भएको तथा निजको हकखाने हकवाला एकमात्र पत्नी म निवेदिका दिर्पा सुवेदी भएकोले उक्त जग्गा मालपोत ऐन, २०३४ को दफा ७(२) तथा नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सुचना बमोजिम मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भनी द.नं. ९८८७ मिति २०८१/०८/१८ मा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा माग निवेदन पेश गर्नुभएकोले माग निवेदन बमोजिम छुट जग्गा दर्ता नामसारी गर्दा अन्य कसैको व्यक्तिगत/सार्वजनिक हकदैयामा असर पर्ने तथा उक्त छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ । म्यादभित्र हकदावी उजुर वाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सबैमा अनुरोध छ ।

जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा | कि.नं. | क्षेत्रफल | फिल्डबुकको विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | रुपन्देही | साडी | ६ग | ७१ | १-२-१६ मध्ये ०-१९-१६ | रघुनाथ प्रसाद अग्रवाल | |

इति सम्बत् २०८१ साल ०८ महिना १८ गते रोज ३ शुभम् ।